# मौसमी खबरका हाइकुहरू

- डा. कविताराम श्रेष्ठ

तुषारू पूर्ण
श्रीपेचमा ग्रहण
मण्डलेबाद

कुहिरो फाट्यो
गाउा अर्कै देश भो
शहर अर्कै

चीसो आकाश
वेवारिसे संसद
प्रजाको तन्त्र

तुषारो स्पाप्प
खुम्चियो सरकार
शहरभित्र

हुस्सु डम्म छ
शहरको दुर्गमा
सुरक्षाकर्मी

तुषारे राज
सुरक्षा प्रत्याभूति
झोला छाम्नुमा

फुंग कुहिरो
पााच दलको डंका
फुस्केको धोती

सुख्खा बादल
अर्थहीन गर्जना
नेताको प्रण

हिउादे मास
बास जान्छ कि सास
जन संन्त्रास

उठ्यो हुस्सु
उठेन जनचासो
नेताएलर्जी

जाग्दोछ हुरी
सल्क कविता दन्क
बेला यही हो
---